विशेष अदालत
काठमाडौं
२०५९

# विशेष अदालत

'व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन' भन्ने मूल नाराका साथ १८ औं निजामती सेवा दिवस-२०७८ विशेष अदालतमा विविध कार्यक्रमकाबीच सुसम्पन्न भएको छ। उक्त अवसरमा आयोजित औपचारिक समारोहको अध्यक्षता सदस्य माननीय न्यायाधीश श्री अब्दुल अजिज मूसलमानज्यूले गर्नुभएको थियो। सो कार्यक्रममा विशेष अदालतका सदस्य माननीय न्यायाधीश श्री नित्यानन्द पाण्डेय, रजिस्ट्रार श्री अशोक कुमार क्षेत्री, उपरजिस्ट्रारत्रय, अधिकृत एवम् कर्मचारीहरुको सहभागिता रहेको थियो। शाखा अधिकृत श्री रामेश्वर अधिकारीको सञ्चालनमा भएको उक्त समारोहमा सिफारिस समितिको छनौटका आधारमा वर्षभरिमा उत्कृष्ट कार्यसम्पादन गर्ने शाखा अधिकृत श्री हिरादेवी पाण्डे, नायव सुब्बा श्री युवराज पन्थी, नायव सुब्बा श्री रुमबहादुर क्षेत्री र कार्यालय सहयोगी श्री मदन श्रेष्ठलाई नगद पुरस्कारसहित सम्मानपत्र प्रदान गरिएको थियो। त्यस्तै अतिरिक्त क्रियाकलाप अन्तर्गत भएको म्युजिकल चियर प्रतिस्पर्धामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने क्रमशः शाखा अधिकृत श्री विनोद प्रसाद अधिकारी, शाखा अधिकृत श्री रामेश्वर अधिकारी र उपरजिस्ट्रार श्री नारदप्रसाद भट्टराईलाई ट्रफी वितरण गरिएको थियो।

कार्यक्रमको प्रारम्भमा निजामती सेवा दिवसको सान्दर्भिकता माथि प्रकाश पार्नुहुँदै रजिस्ट्रार श्री अशोक कुमार क्षेत्रीज्यूले निजामती सेवा उत्कृष्ट मस्तिष्क र उम्दा मानिसहरूको संयोजन भएकाले उक्त उत्कृष्टता आफ्नो कार्यसम्पादनमार्फत राष्ट्रसेवामा प्रदर्शित हुनुपर्ने बताउनुभयो। व्यावसायिक ज्ञान, धारणा र सीपयुक्त राष्ट्रसेवकबाट मात्रै समृद्धि र सुशासनको राष्ट्रिय संकल्प पूरा हुने विचार व्यक्त गर्नुहुँदै उहाँले संविधान र कानूनले तोकेको दायित्व इमानदारीताका साथ निर्वहन गर्नुपर्ने बताउनुभयो। कार्यक्रममा सदस्य माननीय न्यायाधीश श्री नित्यानन्द पाण्डेयज्यूले 'राष्ट्रसेवकको जीवनमा पुरस्कारको महत्व' विषयक व्याख्यान दिनुभएको थियो। आफ्नो व्याख्यानका क्रममा माननीयज्यूले पुरस्कारको दर्शनशास्त्रीय एवम् समाजशास्त्रीय महत्वका बारेमा विस्तारपूर्वक प्रकाश पार्नुका साथै राष्ट्रसेवकको व्यावसायिक जीवनमा सम्मान

र पुरस्कारजस्ता गैरमौद्रिक उत्प्रेरणाले पार्ने बहुआयामिक र सकारात्मक प्रभावका बारेमा सूक्ष्म विश्लेषण गर्नुभएको थियो। राष्ट्रसेवकको जीवनमा पुरस्कारको महत्वलाई बृहत्तर आशयका साथ परिभाषित गर्नुपर्ने उहाँको कथन थियो।

उक्त अवसरमा नायव सुब्बा श्री शान्ति घिमिरे पोखरेलले 'आग्रह' शीर्षकको कविता वाचन गर्नुका साथै आधिकारिक ट्रेड युनियनका तर्फबाट नायव सुब्बा श्री तेजेन्द्रप्रसाद कँडेलले समीक्षात्मक मन्तव्य राख्नुभएको थियो।

कार्यक्रमको अन्त्यमा निर्देशनसहित समापन मन्तव्य प्रदान गर्नुहुँदै सदस्य माननीय न्यायाधीश श्री अब्दुल अजिज मूसलमानज्यूले न्याय सम्पादनमा निजामती कर्मचारीको योगदानलाई शब्दमा व्यक्त गर्न नसकिने बताउनु भयो। संस्कारयुक्त एवम् सामूहिक कार्यप्रणालीबाट मात्रै न्याय निरूपणको कार्यले सार्थकता पाउने उहाँको कथन थियो। न्यायिक सुशासन कायम गर्न राष्ट्रसेवक कर्मचारीको महत्वपूर्ण भूमिका रहने विचार व्यक्त गर्नुहुँदै माननीयज्यूले आजको दिन सबै राष्ट्रसेवक कर्मचारीले पेशागत निष्ठा, लगनशीलता र इमान्दारीताको प्रण गर्नुपर्ने बताउनु भयो।

मिति : २०७८।०५।२२

रामेश्वर अधिकारी
शाखा अधिकृत